कपिलवस्तु नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
तौलिहवा, कपिलवस्तु
लुम्बिनी प्रदेश, नेपाल

**प्रथम पटक प्रकाशित मिति २०८२/०३/२४**

कपिलवस्तु नगरपालिका नगरकार्य पालिकाको कार्यालयका तपसील बमोजिमका राजश्वका ठेक्काहरु आर्थिक बर्ष २०८२/०८३ सालका लागी बन्दोबस्त गर्नु पर्ने भएको हुदा संस्था, फर्म वा व्यक्तिहरुले यस कार्यालयमा सिलबन्दी दरभाउ पत्र पेश गर्नू हुन सबैको जानकारीको लागी यो सुचना प्रकाशित गरिएको छ ।

**तपसील**

| क.सं | विवरण | ठेक्का अवधी | न्युनतम अंक (मु.अ.कर बाहेक) | बोलपत्र खरिद गर्ने अन्तिम मिती | बोलपत्र दाखीला गर्ने अन्तिम मिती र समय | बोलपत्र दस्तुर |
|---|---|---|---|---|---|---|
| राजश्व ठेक्का नं १।०८२।०८३ | हाटबजार सेवा शुल्क, वडा नं.१ | सम्झौता भएको मिति देखि २०८३ असाढ मसान्त सम्म | १७,७५,०००/ (सत्रह लाख पचहत्तरी हजार) | २०८२/०४/०६ | २०८२/०४/०७ | १,०००/ |
| राजश्व ठेक्का नं २।०८२।०८३ | गौतम बुद्ध मिनी बसपार्क पार्किगं सेवा शुल्क वडा नं.१ | सम्झौता भएको मिति देखि २०८३ असाढ मसान्त सम्म | १२,६८,३००/ (बारह लाख अडसठी हजार तीन सय) | २०८२/०४/०६ | २०८२/०४/०७ | १,०००/ |
| राजश्व ठेक्का नं ३।०८२।०८३ | विज्ञापन कर | सम्झौता भएको मिति देखि २०८३ असाढ मसान्त सम्म | ७,५०,०००/ (सात लाख पचास हजार) | २०८२/०४/०६ | २०८२/०४/०७ | १,०००/ |

नोट : यस सम्वन्धी विस्तृत शर्तहरुको बारेमा कपिलवस्तु नगर कार्यपालिकाको सुचना पाटीमा वा नगरपालिका website: kapilvastumun.gov.np वा राजश्व शाखामा सम्पर्क गरी जानकारी लिन / प्राप्त गर्न सकिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

कपिलवस्तु नगरपालिका नगर
कार्यपालिकाको कार्यालय
तौलिहवा,कपिलवस्तु
लुम्बिनी प्रदेश,नेपाल

प्रथम पटक प्रकाशित मिति २०८२/०३/२४

राजश्व ठेक्का नं.१/०८२/०८३

सुचना । सुचना ॥ सुचना ॥।

कपिलवस्तु नगरपालिका वाडा नं.१ हाट बजारमा लाग्दै आएको हाट बजार बैठकी शुल्क २०८३ साल असाढ मसान्तको लागी ठेक्कामा दिनु पर्ने भएको हुदा तपसीलको शर्तको अधिनमा रही बोलपत्र पेश गर्नु हुन यो सुचना प्रकाशि गरिएको छ ।

शर्तहरु

१। मिति २०८२/०४/०६ गते कार्यालय समय भित्र रु.१०००/ (एक हजार) तिरी पछि फिर्ता नहुने गरी बोलपत्र खरिद गर्न सकिने छ ।

२। दरभाउ पत्र खरिद दाता नेपाली नागरिक वा इजाजत प्राप्त संघ संस्था हुनु पर्नेछ ।

३। खरिद गर्नु भएको बोलपत्र फारममा आफ्नो नाम, ठेगाना, कबोल गरेको अंक र अक्षर प्रष्ट लेखी सिलबन्दी गरी मिति २०८२/०४/०७ गते दिनको १२:०० बजे भित्र यस कार्यालयमा दर्ता गराई सक्नु पर्नेछ । सो दर्ता हुन आएको सिलबन्दी बोलपत्र सोही दिनको २:०० बजे पछि सम्बन्धित कार्यालयको प्रतिनिधीको रोहबरमा खोलिनेछ । उक्त सिलबन्दी बोलपत्र खोलिने समयमा सिलबन्दी बोलपत्रदाताको उपस्थिती नरहेको खण्डमा सिलबन्दी बोलपत्रमा बाधा हुने छैन ।

४। सिलबन्दी बोलपत्र साथ आफुले कबोल गरेको अंकको ५ प्रतिशतले हुने धरौटी रकम यस कार्यालयको नाममा राष्ट्रिय बाणिज्य बैङ्क, तौलिहवा शाखामा रहेको धरौटी खाता नम्बर **३११०१००३०३००००२ स्थानिय तह धरौटी खातामा** जम्मा गरेको प्रमाण वा इजाजत प्राप्त वित्तिय संस्थाले जारी गरेको १२० दिनको अवधी भएको बोल कबोल जमानी पत्र पेश गर्नु पर्नेछ ।

५। हाट बजारको बैठकी शुल्क उठाउने कार्यको न्युनतम बार्षिक ठेक्का अंक १७,७५,०००/(सत्रह लाख पचहत्तरी हजार) मु.अ.कर बाहेक कायम गरिएको छ ।

६। ठेक्का सदर गर्ने वा नगर्ने सम्पुर्ण अधिकारकार्यालयमा सुरक्षित रहने छ ।

७। यस नगरपालिका कार्यालय बाट प्रतेयक महिनामा अनुगमन गरिने छ र नियम बिपरीत बैठकी असुल गरेमा जरिवाना तिर्नु पर्ने छ ।

८। कबोल अंकको शत प्रतिशत रकम अनिवार्य नगद जम्मा गर्नु पर्ने छ । ठेकेदारले ५० प्रतिशत रकम बुझाउन चाहेमा ५० प्रतिशत रकम बराबरको बैंक जमानी पत्र पेश गरेको खण्डमा समेत सम्झौता गर्न बाधा पर्ने छैन । राष्ट्र बैंकबाट मान्यता प्राप्त बैंक वा बित्तिय संस्थाबाट २०८३ श्रावण मसान्त सम्म म्याद भएको बैंक जमानत पत्र सम्झौता हुदा कै बखतमा पेश गर्नु पर्ने छ ।

९। बन्द, हडताल, वा अन्य कुनै कारणले राजश्व असुली कार्यमा बाधा उत्पन्न भएमा कार्यालयले क्षति पुर्ति दिन र कुनै पनि किसिमको छुट दिन बाध्य हुने छैन ।

**१०। प्रत्येक दिन लाग्ने हाट बजारको अर्को दिन बजार सरसफाई स्वंय ठेकेदारले गर्नु पर्ने छ साथै सामान्य मर्मत सूधार ठेकेदारले स्वयं आफैले गराउनु पर्नेछ ।**

११। हाट बजार ठेक्का सम्बन्धमा कुनै बाद बिवाद पर्न गएमा कार्यालयले गरेको निर्णय अन्तिम हुनेछ ।

१२। हाट बजारको सूरक्षा सम्रक्षण रेखदेख ठेकेदारले सवयं गर्नु पर्नेछ ।

१३। हाट बजारको सेवा शुल्क उठाउन कपिलबस्तु नगरपालिकाको आर्थिक ऐनमा तोकिएको दर रेटको अनुसार नै १३% ले मु.अ.कर थप गरी संकलन गर्नु पर्ने छ र **दररेटको साईन बोर्ड लेखाई ठेक्का स्थलमा ठेकेदारले स्वयं राख्नु पर्नेछ ।**

१४। हाट बजार सेवा शुल्कको अतिरिक्त हाट बजार भित्र रहेको मासु, माछा स्टल तथा आलुसेड समेतको शुल्क ठेकेदारले नै उठाउनु पर्नेछ ।

१५। हाट बजारको सेवा शुल्क उठाउदा प्रयोग गर्ने रसीदहरु ठेकेदारले आफ्नै तर्फ बाट छपाई सो रसिद कपिलबस्तु नगरपालिका कार्यालय बाट प्रमाणित गराई प्रयोग गर्नु पर्नेछ ।

१६। कपिलवस्तु नगरपालिका संग भएको सम्झौता र निर्देशनको पालना नगरेमा वा यस नगरपालिका कार्यालयबाट स्वीकृत भएको यसै साथ संलग्न दररेट भन्दा बढी शुल्क असुल गरेको पाईएमा कार्यालयको ठेक्का तोडी कानुन बमोजिम कारवाही समेत गरी अर्को व्यवस्था समेत गर्ने छ । अर्को व्यवस्था गर्दा ठेकेदारले कुनै किसीमको उजुर बाजुर गर्न पाउने छैन । यसरी अर्को व्यवस्था गर्दा कार्यालयलाई हुन जाने ठेक्काको नपुग रकम ठेकेदारबाट असुल उपर गरीने छ ।

१७। माथी उल्लेखीत सम्पूर्ण शर्तहरु सोही अनुसार हुनेछ र माथी छुट भएमा शर्तहरुबाट कुनै रकम असुल गर्नु पर्ने भएमा धरौटी रकमबाट असुल उपर गरीने छ । सो रकमबाट नपुग भएमा जेथा जमानीबाट असुल उपर गरीने छ ।

कपिलवस्तु नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
तौलिहवा, कपिलवस्तु

लुम्बिनी प्रदेश,नेपाल

प्रथम पटक प्रकाशित मिति २०८२/०३/२४

राजश्व ठेक्का नं २/२०८/०८३

सुचना । सुचना ॥ सुचना ॥।

कपिलवस्तु नगरपालिकाको वार्ड नं.१ मा रहेको गौतम बुद्ध मिनि बसपार्कमा पार्किगं शुल्क उठाउन २०८३ असाढ मसान्त सम्म ठेक्कामा दिने कार्यका लागीप्रकाशित सुचना अनुसार तपसीलको शर्तको अधिनमा रही सिलबन्दी बोलपत्र गर्नु हुन यो सुचना प्रकाशित गरिएको छ ।

**शर्तहरु**

१। मिति २०८२/०४/०६ गते कार्यालय समय भित्र रु.१०००/ (एक हजार) तिरी पछि फिर्ता नहुने गरी बोलपत्र खरिद गर्न सकिने छ ।

२। दरभाउ पत्र खरिद दाता नेपाली नागरिक वा इजाजत प्राप्त संघ संस्था हुनु पर्नेछ ।

३। खरिद गर्नु भएको बोलपत्र फारममा आफ्नो नाम, ठेगाना, कबोल गरेको अंक र अक्षर प्रष्ट लेखी सिलबन्दी गरी मिति २०८२/०४/०७ गते दिनको १२:०० बजे भित्र यस कार्यालयमा दर्ता गराई सक्नु पर्नेछ । सो दर्ता हुन आएको सिलबन्दी बोलपत्र सोही दिनको २:०० बजे पछि सम्बन्धित कार्यालयको प्रतिनिधीको रोहबरमा खोलिनेछ । उक्त सिलबन्दी बोलपत्र खोलिने समयमा सिलबन्दी बोलपत्रदाताको उपस्थिती नरहेको खण्डमा सिलबन्दी बोलपत्रमा बाधा हुने छैन

४। सिलबन्दी बोलपत्र साथ आफुले कबोल गरेको अंकको ५ प्रतिशत हुने धरौटी रकम यस कार्यालयको नाममा राष्ट्रिय बाणिज्य बैङ्क, तौलिहवा शाखामा रहेको धरौटी खाता नम्बर ३११०१००३०३००००००२ स्थानिय तह धरौटीमा जम्मा गरेको प्रमाण वा इजाजत प्राप्त वित्तिय संस्थाले जारी गरेको १२० दिनको अवधी भएको बोल कबोल जमानी पत्र पेश गर्नु पर्नेछ

५। गौतम बुद्ध मिनी बसपार्क पार्किगं शुल्क उठाउने कार्यको न्युनतम बार्षिक ठेक्का अंक १२,६८,३००/(बारह लाख अडसठी हजारतीन सय) मु.अ.कर बाहेक कायम गरिएको छ ।

६। ठेक्का सदर गर्ने वा नगर्ने सम्पुर्ण अधिकार कार्यालयमा सुरक्षित रहने छ ।

७। कबोल अंकको शत प्रतिशत रकम अनिवार्य नगद जम्मा गर्नु पर्ने छ ठेकेदारले ५० प्रतिशत रकम बुझाउन चाहेमा ५० प्रतिशत रकम बराबरको बैंक जमानी पत्र पेश गरेको खण्डमा समेत सम्झौता गर्न बाधा पर्ने छैन । राष्ट्र बैंकबाट मान्यता प्राप्त बैंक वा वित्तिय संस्थाबाट २०८२श्रावण मसान्त सम्म म्याद भएको बैंक जमानत पत्र सम्झौता हुदा कै बखतमा पेश गर्नु पर्ने छ ।

८। बन्द, हडताल, वा अन्य कुनै कारणले राजश्व असुली कार्यमा बाधा उत्पन्न भएमा कार्यालयले क्षति पुर्ति दिन र कुनै पनि किसिमको छुट दिन बाध्य हुने छैन ।

९। गौतम बुद्ध मिनी बसपार्कको सरसफाई, सामान्य मर्मत सूधार ठेकेदारले स्वयं आफैले गराउनु पर्नेछ ।

१०। गौतम बुद्ध मिनी बसपार्क ठेक्का सम्बन्धमा कुनै बाद बिवाद पर्न गएमा कार्यालयले गरेको निर्णय अन्तिम हुनेछ ।

११। गौतम बुद्ध मिनी बसपार्कको सूरक्षा सम्रक्षण रेखदेख ठेकेदारले सवयं गर्नु पर्नेछ ।

१२। गौतम बुद्ध मिनी बसपार्कको सेवा शुल्क उठाउन कपिलवस्तु नगरपालिकाको आर्थिक ऐनमा तोकिएको दर रेटको अनुसार नै १३% ले मु.अ.कर थप गरी संकलन गर्नु पर्ने छ र दररेटको साईन बोर्ड लेखाई ठेक्का स्थलमा ठेकेदारले स्वयं राख्नु पर्नेछ ।

१३। गौतम बुद्ध मिनी बसपार्कको पार्किगं शुल्क मात्र यस ठेक्कामा समावेश भएकोले पार्कीङ्ग शुल्क मात्र उठाउन सकनेछ ।

१४। गौतम बुद्ध मिनी बसपार्कको पार्किगं सेवा शुल्क उठाउदा प्रयोग गर्ने रसीदहरु ठेकेदारले आफ्नै तर्फ बाट छपाई सो रसिद कपिलवस्तु नगरपालिका कार्यालय बाट प्रमाणित गराई प्रयोग गर्नु पर्नेछ ।

१५। कपिलवस्तु नगरपालिका संग भएको सम्झौता र निर्देशनको पालना नगरेमा वा यस नगरपालिका कार्यालयबाट स्वीकृत भएको यसै साथ संलग्न दररेट भन्दा बढी शुल्क असुल गरेको पाईएमा कार्यालयको ठेक्का तोडी कानुन बमोजिम कारवाही समेत गरी अर्को व्यवस्था समेत गर्ने छ । अर्को व्यवस्था गर्दा ठेकेदारले कुनै किसीमको उजुर बाजुर गर्न पाउने छैन । यसरी अर्को व्यवस्था गर्दा कार्यालयलाई हुन जाने ठेक्काको नपुग रकम ठेकेदारबाट असुल उपर गरीने छ ।

१६। माथी उल्लेखीत सम्पूर्ण शर्तहरु सोही अनुसार हुनेछ र माथी छुट भएमा शर्तहरुबाट कुनै रकम असुल गर्नु पर्ने भएमा धरौटी रकमबाट असुल उपर गरीने छ । सो रकमबाट नपुग भएमा जेथा जमानीबाट असुल उपर गरीने छ ।

कपिलवस्तु नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
तौलिहवा, कपिलवस्तु
लुम्बिनी प्रदेश,नेपाल

प्रथम पटक प्रकाशित मिति २०८२/०३/२४

राजश्व ठेक्का नं.३/२०८२/०८३

सुचना । सुचना ॥ सुचना ॥।

कपिलवस्तु नगरपालिकाको क्षेत्रमा लगाइने होडिगंबोर्डको विज्ञापन कर सम्बन्धी ठेक्कामा दिने कार्यका लागी मिती २०८२/०३/२४ गतेको प्रकाशित सुचना अनुसार तपसीलको शर्तको अधिनमा रही सिलबन्दी बोलपत्र गर्नु हुन यो सुचना प्रकाशित गरिएको छ ।

शर्तहरु

१। मिति २०८२/०४/०६ गते कार्यालय समय भित्र रु.१०००/ (एक हजार) तिरी पछि फिर्ता नहुने गरी बोलपत्र खरिद गर्न सकिने छ ।

२। दरभाउ पत्र खरिद दाता संस्था वा फर्महरु हुनु पर्नेछ ।

३। खरिद गर्नु भएको बोलपत्र फारममा आफ्नो नाम, ठेगाना, कबोल गरेको अंक र अक्षर प्रष्ट लेखी सिलबन्दी गरी मिति २०८२/०४/०७ गते दिनको १२:०० बजे भित्र यस कार्यालयमा दर्ता गराई सक्नु पर्नेछ । सो दर्ता हुन आएको सिलबन्दी बोलपत्र सोही दिनको २:०० बजे पछि सम्बन्धित कार्यालयको प्रतिनिधीको रोहबरमा खोलिनेछ । उक्त सिलबन्दी बोलपत्र खोलिने समयमा सिलबन्दी बोलपत्रदाताको उपस्थिती नरहेको खण्डमा सिलबन्दी बोलपत्रमा बाधा हुने छैन

४। सिलबन्दी बोलपत्र साथ आफुले कबोल गरेको अंकको ५ प्रतिशत हुने धरोटी रकम यस कार्यालयको नाममा राष्ट्रिय बाणिज्य बैङ्क, तौलिहवा शाखामा रहेको धरौटी खाता नम्बर **३११०१००३०३००००२ स्थानिय तह धरौटीमा** जम्मा गरेको प्रमाण वा इजाजत प्राप्त बित्तिय संस्थाले जारी गरेको १२० दिनको अवधी भएको बोल कबोल जमानी पत्र पेश गर्नु पर्नेछ

५। विज्ञापन कर सम्बन्धी न्युनतम बार्षिक ठेक्का अंक ७,५०,०००/(सात लाख पचास हजार) मु.अ.कर बाहेक कायम गरिएको छ ।

६। ठेक्का सदर गर्ने वा नगर्ने सम्पुर्ण अधिकारकार्यालयमा सुरक्षित रहने छ ।

७ कबोल अंकको शत प्रतिशत रकम अनिवार्य नगद जम्मा गर्नु पर्ने छ । ठेकेदारले ५० प्रतिशत रकम बुझाउन चाहेमा ५० प्रतिशत रकम बराबरको बैंक जमानी पत्र पेश गरेको खण्डमा समेत सम्झौता गर्न बाधा पर्ने छैन । राष्ट्र बैकबाट मान्यता प्राप्त बैंक वा बित्तिय संस्थाबाट २०८५ श्रावण मसान्त सम्म म्याद भएको बैंक जमानत पत्र सम्झौता हुदा कै वखतमा पेश गर्नु पर्ने छ ।

८। बन्द, हडताल, वा अन्य कुनै कारणले राजश्व असुली कार्यमा बाधा उत्पन्न भएमा कार्यालयले क्षति पुर्ति दिन र कुनै पनि किसिमको छुट दिन बाध्य हुने छैन ।

९। विज्ञापन कर सम्बन्धीठेक्का सम्वन्धमा कुनै बाद बिबाद पर्न गएमा कार्यालयले गरेको निर्णय अन्तिम हुनेछ ।

१०। विज्ञापनको साइन बोर्ड लगाईएको सुरक्षा संरक्षण रेखदेख ठेकेदारले सवयं गर्नु पर्नेछ ।

११। कपिलवस्तु नगरपालिका संग भएको सम्झौता र निर्देशनको पालना नगरेको पाईएमा कार्यालयको ठेक्का तोडी कानुन बमोजिम कारवाही समेत गरी अर्को व्यवस्था समेत गर्ने छ । अर्को व्यवस्था गर्दा ठेकेदारले कुनै किसीमको उजुर बाजुर गर्न पाउने छैन । यसरी अर्को व्यवस्था गर्दा कार्यालयलाई हुन जाने ठेक्काको नपुग रकम ठेकेदारबाट असुल उपर गरीने छ ।

१२। माथी उल्लेखीत सम्पूर्ण शर्तहरु सोही अनुसार हुनेछ र माथी छुट भएमा शर्तहरुबाट कुनै रकम असुल गर्नु पर्ने भएमा धरौटी रकमबाट असुल उपर गरीने छ । सो रकमबाट नपुग भएमा जेथा जमानीबाट असुल उपर गरीने छ । सुचना